फालेलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(जिन्सी व्यवस्थापन तथा खरिद उपशाखा)

थकेपुङ, पाँचथर
कोशी प्रदेश, नेपाल

**घर भाडामा लिने सम्बन्धी ७ (सात) दिने सूचना**

(सूचना संख्या: १, प्रथम पटक प्रकाशित मितिः २०८१/०४/०८)

यस फालेलुङ गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अनुसार कर संकलन गर्ने प्रयोजनार्थ वडा नं ८ स्थित आकाशे भञ्ज्याङ, वडा नं १ स्थित मन्दिरेटार (जोरपोखरी छेउ) र वडा नं ६ स्थित गोरुवालेमा स्थायी शुल्क संकलन केन्द्र र वडा नं ४ स्थित दबे र वडा नं ५ स्थित भैसेमा अस्थायी शुल्क संकलन केन्द्र स्थापना गर्नको लागि घर भाडामा लिनु पर्ने भएकोले ईच्छुक घरधनी महानुभावहरुले निम्न बमोजिमको घर वा कोठा भाडामा उपलब्ध गर्ने भए यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सम्पूर्ण विवरण उल्लेख गरी सिलबन्दी निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

क) घरधनीको निवेदन पत्र र नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि तथा अन्य आवश्यक कागजातहरु।

ख) जग्गा धनि प्रमाण पूर्जा र अन्य व्यक्तिको नाममा रहेको भए घर प्रयोग गर्न दिएको मञ्जुरीनामा वा दोहोर सम्झौता पत्र हुनुपर्नेछ।

ग) वहालमा दिने घर आकाशे भञ्ज्याङ, मन्दिरेटार (जोरपोखरी छेउ), गोरुवाले, दबे, भैसेमा हुनुपर्ने छ ।

घ) घर कच्ची वा पक्की दुबै भए हुनेछ। भाडामा दुई वटा कोठा दिनुपर्ने छ। एउटा कोठा दैनिक प्रशासन संचालन तथा अर्को कोठा स्टोर्सको लागि प्रयोग हुने छ।

ङ) घर धनिले आफ्नो भाडा दिने घरको मासिक भाडा अंक तथा अक्षरमा प्रष्ट रुपमा उल्लेख गरी प्रस्ताव पेश गर्नुपर्नेछ।

च) सडक बाटोले छोएको, पानि धारा बिजुलीको सुविधा भएको तथा शौचालयको व्यवस्था भएको हुनुपर्नेछ।

छ) कार्यालयको आवश्यकतालाई मध्यनजर गरी फरक-फरक घर धनि संग सम्झौता गर्न सकिनेछ।

ज) कार्यालयमा निवेदन दाखिला गर्ने अन्तिम मितिः २०८१/०४/१५ गतेसम्म मात्र हुनेछ।

झ) घर भाडाको (A/C Payee) चेक मार्फत भुक्तानी गरिनेछ र वहाल सम्बन्धि कर कार्यालयले भुक्तानिको समयमा कट्टी गर्नेछ।

ञ) कोठाको क्षेत्रफल न्यूनतम १२/१२ फुटको हुनुपर्नेछ।

ट) यस सूचनामा केही कुरा संसोधन वा थपघट गर्नुपरेमा सूचना प्रकाशन गरी जानकारी गराइनेछ।

ठ) अन्य कुराहरु प्रचलित नियमानुसार तथा कार्यालयको निर्णयानुसार हुनेछ।

ड) उक्त बहालमा लिईने घर स्थायी शुल्क संकलन केन्द्रका कर्मचारीहरुको लागि अर्को व्यवस्था नभएसम्मको लागि लिईनेछ ।

ढ) कागजात पठाउँदा इमेल: phalelunggaupaliks@gmail.com वा Whatsapp no : 9813511973 मा पठाउन सकिनेछ।

ण) प्रस्ताव पेश भए पश्चात फालेलुङ गाउँपालिकाको कार्यालयको मूल्याङकन समितिले मूल्याङकन गरेको रकम बमोजिम घरभाडा सम्झौता रकम कायम गरिनेछ।

डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner